आज मिति २०७९/०७/२१ गतेका दिन अपरान्ह ३ :०० बजे धनगढी उप-महानगरपालिकाका नगर प्रमुख श्री गोपाल हमाल ज्यूको अध्यक्षतामा कार्यपालिकाको बैठक देहायको उपस्थितिमा बसी देहाय बमोजिमका निर्णयहरु गरियो ।

| क्र.सं. | नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १) | श्री गोपाल हमाल | नगर प्रमुख | |
| २) | श्री कन्दकला कुमारी राना | नगर उप- प्रमुख | |
| ३) | श्री सन्तोष मुडभरी | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| ४) | श्री धर्मराज ओझा | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| ५) | श्री राज वहादुर ऐर | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| ६) | श्री बुद्धी बहादुर खड्का | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| ७) | श्री गजेन्द्र शाही | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| ८) | श्री भागीराम चौधरी | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| ९) | श्री मोती राना | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| १०) | श्री जुगराम चौधरी | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| ११) | श्री प्रेम वहादुर भण्डारी | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| १२) | श्री शिव कुमार राना | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| १३) | श्री रुप वहादुर कुँवर | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| १४) | श्री सेर वहादुर महरा | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |

| | | | |
|---|---|---|---|
| १५। | श्री विजय राज जोशी | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| १६। | श्री मान वहादुर विष्ट | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| १७। | श्री सुखदेव रानाथारु | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| १८। | श्री रामलाल चौधरी | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| १९। | श्री माधव राज राना | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| २०। | श्री भुवन रिजाल | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| २१। | श्री बाँधुराम चौधरी | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| २२। | श्री यशोदा भणडारी | कार्यपालिका सदस्य | |
| २३। | श्री माया कुमारी भण्डारी (साउद) | कार्यपालिका सदस्य | |
| २४। | श्री निशा कुमारी आउजी | कार्यपालिका सदस्य | |
| २५। | श्री बिन्दु तामाङ्ग | कार्यपालिका सदस्य | |
| २६। | श्री सुस्मा चौधरी | कार्यपालिका सदस्य | |
| २७। | श्री अनिल कुमार | कार्यपालिका सदस्य | |
| २८। | श्री चक्र बहादुर नेपाली | कार्यपालिका सदस्य | |
| २९। | श्री महादेव सुनार | कार्यपालिका सदस्य | |
| ३०। | श्री रामलाल श्रेष्ठ | प्र.प्र.अ/ सचिव | |

**निर्णय नं. १:**

यस धनगढी उप-महानगरपालिकाको आ.व. २०७९/०८० को लागि स्वीकृत वडा स्तरिय योजनाहरुको परिवर्तन गर्नु पर्ने भएमा २०७९ माघ मसान्त भित्र परिवर्तन गराई २०७९ फागुन मसान्त भित्र योजनाहरुको सम्झौता गराई २०८० जेष्ठ मसान्त भित्र सम्पन्न हुने गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं. २:**

आगामी आ.व. २०८०/०८१ मा संघीय सरकारको विशेष, समपूरक अनुदान र सुदूरपश्चिम प्रदेश सरकारको विशेष र समपूरक अनुदान मार्फत सञ्चालन हुने गरी तपसिलका योजना तथा कार्यक्रमहरु राष्ट्रिय योजना आयोगको सचिवालय सिंहदरबार, काठमाडौँ र आर्थिक मामिला तथा योजना मन्त्रालय, सुदूरपश्चिम प्रदेशमा पेश गर्ने निर्णय गरियो ।

तपसिलः

**विशेष अनुदान तर्फ प्रस्तावित आयोजना/कार्यक्रमहरु(संघीय):**

| प्राथमिकता क्रम | प्रस्तावित आयोजना/कार्यक्रमहरु |
|---|---|
| १. | श्री त्रिनगर मा.वि. भवन धनगढी-१ |
| २. | वडा कार्यालय निर्माण, धनगढी-१० र १८ |
| ३. | धनगढी पोलिटेक्निक भवन निर्माण निरन्तरता |

**समपूरक अनुदान तर्फ प्रस्तावित आयोजना कार्यक्रमहरु (संघीय):**

| प्राथमिकता क्रम | प्रस्तावित आयोजना/कार्यक्रमहरु |
|---|---|
| १. | पुल निर्माण धनगढी- १ र ८ बसन्त टोल नव दुर्गा मन्दिर जोड्ने सडकमा |
| २. | पुल निर्माण धनगढी- ४ र ५ राष्ट्रिय आ.वि. पछाडी शिवपुरी जोड्ने पुल |
| ३. | तिल्केताल संरक्षण तथा विकास, धनगढी-२ |
| ४. | शहरी सडक कालोपत्रे तथा नाली निर्माण धनगढी- १, त्रिवेणी सडक, धनगढी- ५ हसनपुर UN office सडक, धनगढी- ५ ग्यालेक्सी सत्कार चौक सडक |
| ५. | शहरी सडक कालोपत्रे तथा नाली निर्माण धनगढी-२, बैयाबेहडी सडक रुवस होटेल |

**विशेष अनुदान तर्फ प्रस्तावित आयोजना कार्यक्रमहरु (प्रदेश):**

| प्राथमिकता क्रम | प्रस्तावित आयोजना/कार्यक्रमहरु |
|---|---|
| १. | श्री चन्द्रोदय मा.वि. भवन, धनगढी- १८ |
| २. | वडा कार्यालय तला थप निर्माण, धनगढी- १५ |
| ३. | सार्वाजनिक शौचालय निर्माण धनगढी मुख्य सडक २ ठाउँमा |
| ४. | तुलसीबारी पुल, धनगढी- १८ |
| ५. | ठेकराज मा.वि. भवन, धनगढी- ११ |

**समपूरक अनुदान तर्फ प्रस्तावित आयोजना कार्यक्रमहरु (प्रदेश):**

| प्राथमिकता क्रम | प्रस्तावित आयोजना/कार्यक्रमहरु |
|---|---|
| १. | पुल निर्माण कैलाली नाला साथी होटेल पछाडी, धनगढी- १ र २ |
| २. | पुल निर्माण कैलाली पौष्टिक आहार नजिक, धनगढी- १ र ५ |
| ३. | शहरी सडक कालोपत्रे तथा नाली निर्माण धनगढी-४ शिवपुरी धाम सडक, धनगढी-३ केदार टोल सडक, धनगढी-३ नेशनल सडक |
| ४. | शिवपुरीधाम पूर्वाधार निर्माण, धनगढी-४ |
| ५. | कनरी पार्कमा खानेपानी टंकी निर्माण, धनगढी- १५ |

**निर्णय नं. ३:**

धनगढी उप–महानगरपालिका स्थानीय राजश्व परामर्श समितिको मिति २०७९/०७/१७ गतेका दिन बसेको बैठकबाट नगरकार्यपालिकामा सिफारिस भै आए बमोजिमका देहायका निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो।

क) धनगढी उप-महानगरपालिकाको आर्थिक ऐन २०७९ को दफा १३ बमोजिम यस उप-महानगरपालिका भित्र व्यावसायिक प्रयोजनका लागि कैलाली भन्सार मोहना नाका तथा अन्य नाका बाट (कञ्चनपुर र बाँके लगायत अन्य नाका समेत भएर) आयात गरिने कृषि जन्य मालवस्तुहरु खाद्यान्न, दलहन र तेलहनमा सेवा शुल्क लगाउनका लागि चालु आ.व.०७९/०८० को वार्षिक न्युनतम ठेक्का अंक रु.१,४२,२२,६७६।– भ्याट बाहेक अनुमान गरिएको र चालु आ.व. ०७९/०८० को बाँकी समयावधिका लागि दामासाहीका हिसाबले हुन आउने ठेक अंक रु. ८१,८२,९०९.४७ भ्याट बाहेक कायम गरी तपसिल बमोजिमको सेवा शुल्क कायम हुने गरी ठेक्का प्रक्रिया अगाडी बढाउने निर्णय गरियो।

**तपसिल:**

माल वस्तुको सेवा शुल्क संकलन गर्ने दररेट:

- नमकिन आदि प्रति के.जी. - रु. १।-
- चिनी प्रति क्विन्टल - रु. २०।-
- तेलहन बिउ बिजन प्रति क्विन्टल - रु. २०।-
- गट्टु प्रति क्विन्टल. - रु. १०।-
- बिस्कुट, मिठाई जस्ता सामानहरु प्रति के.जी.- रु. १।–
- चामल प्रति क्विन्टल – रु. २०।-
- कनिका/व्रान प्रति क्विन्टल – रु. २०।-
- गहुँ/जौ प्रति क्विन्टल - रु.२०।-
- मकै प्रति क्विन्टल - रु १०।-
- गुड/ मिश्री प्रति क्विन्टल - रु.१०।-
- पशुपन्छी तथा माछाको आहारमा प्रयोग हुने कच्चा पदार्थ प्रति क्विन्टल - रु. ५।-
- दलहन प्रति क्विन्टल - रु.३०।–

**पुनश्च:** माथि उल्लेखित माल वस्तु अन्तर्गत नपरेको माल वस्तु आयात भएको खण्डमा माथि उल्लेखित माल वस्तु मध्येबाट मेल खाने मालवस्तु सरह सेवाशुल्क लिने समेत सिफारिस गर्ने निर्णय गरियो। साथै कुनै अन्य भन्सार नाकाबाट नेपाल भित्रिएको माथि उल्लेखित माल सामानहरुको हकमा अन्य स्थानीय तहले सेवा शुल्क लिएको खण्डमा लिन नपाइने र शुल्क नलिएको पाईएमा सेवा शुल्क अनिवार्य रुपमा लिनु पर्ने निर्णय गरियो।

**ख)** धनगढी उप–महानगरपालिकाको स्वामित्वमा रहेका अक्सिजन प्लान्ट, फुलबारी हाटबजार, कनरी पार्क र जडीबुटी प्रशोधन केन्द्र ५ (पाँच) वर्षका लागि संचालन गर्न ईच्छुक व्यक्ति, संघ, संस्था, फर्मबाट आशय पत्र माग गर्ने निर्णय गरियो।

**निर्णय नं.४:**

यस धनगढी उप-महानगरपालिका वडा नं. १५ स्थित खुटीया नदी पुल उत्तर र दक्षिणको जग्गामा बगर खेती संचालन गर्नका लागि गत आ.व.०७८/०७९ का लागि तोकिएको न्युनतम ठेक्का अंक रु.३३,०००।- नै यथावत कायम राखी चालु आ.व.०७९/०८० का लागि न्युनतम वार्षिक ठेक्का अंक रु.३३,०००।- कायम गर्ने निर्णय गरियो।

**निर्णय नं.५:**

धनगढी उप-महानगरपालिकाले चालु आ.व.०७९/०८० का लागि आफ्नो क्षेत्र भित्र भएर बग्ने नदीजन्य पदार्थ (ढुंगा, गिट्टी, बालुवा) आदिको कुल संकलन घन मि.२,३६,६८६.७७ (बिक्री प्रति घन मि. रु. १०५.९४ भ्याट बाहेक) कार्यका लागि प्रथम पटक मिति २०७९/०५/०५ गतेका दिन न्युनतम ठेक्का अंक रु.२,५०,७४,५९६.४० (भ्याट बाहेक) कायम गरी ३० दिने सुचना प्रकाशित भएको र सो समयावधि भित्र पनि कसैको बोलपत्र पेश हुन नआएकोले पुनः दोस्रो पटक मिति २०७९/०६/०९ गतेका दिन उल्लेखित ठेक्का अंक नै कायम राखी १५ दिने सुचना प्रकाशित गरिएको र उक्त समयावधि भित्र समेत कुनै पनि बोलपत्र पेश हुन नआएकोले उक्त न्युनतम ठेक्का अंकमा चालु आ.व.०७९/०८० को बाँकी रहेको समयावधिका हिसाबले बढाबढका लागि हुन आउने कुल १,५७,७९१.६ घन मिटर (प्रति घन मिटर रु. १०५.९४ भ्याट बाहेक) को हुन आउने ठेक अंक रु.१,६७,१६,४४२.१० भ्याट बाहेक कायम गरी ठेक्का प्रक्रिया अगाडी बढाउन पुनः तेस्रो पटकका लागि १५ दिने सुचना प्रकाशित गर्ने निर्णय गरियो।

**निर्णय नं.६:**

यस धनगढी उप-महानगरपालिकाको चालु आ.व.०७९/०८० का लागि मिति २०७९/०६/२६ गतेका दिन खोलिएको बहाल विटौरी कर सम्बन्धी ठेक्का कार्यका लागि रु.५,५१,०००।– भ्याट बाहेक कबोल अंक पेश गर्ने श्री जय भवानी कन्स्ट्रक्सन प्रा.लि. घोडाघोडी-१, कैलालीले पेश गरेको बोल पत्र सारभुत रुपले प्रभावग्राही भएको हुँदा सोही बमोजिम उक्त फर्मसँग सम्झौता गर्ने निर्णय गरियो।

**निर्णय नं.७:**

यस धनगढी उप-महानगरपालिकाको चालु आ.व.०७९/०८० का लागि मिति २०७९/०६/३१ गतेका दिन खोलिएको सपिङ कम्पलेक्स भवनको माथिल्लो तलामा रहेका कोठाहरु शिलबन्दी दरभाउपत्रको बढाबढ ठेक्का माध्यमबाट खोलिएको र सोही बमोजिम मिति २०७९/०७/१८ गतेको बोलपत्र मुल्यांकन समितिको निर्णय बमोजिम तपसिल बमोजिमका फर्म/व्यक्ति/ संघ/संस्थाबाट सारभुत रुपले प्रभावग्राही भएको हुँदा सोही बमोजिम तपसिलका फर्मसँग सम्झौता गर्ने निर्णय गरियो।

तपसिलः

| क्र.सं. | स्वीकृत फर्म/व्यक्ति/संघ/ संस्थाको नाम | कबोल अंक | कैफियत |
|---|---|---|---|
| १. | श्री सैपाल ईन्जिनियरीङ कन्सल्टेन्सी धनगढी,कैलाली | रु.२१,००५।- | A block |
| २. | श्री दल वहादुर ओली वगलेक, डोटी | रु.९,१५३।- | B block |
| ३ | श्री सैपाल ईन्जिनियरिङ्ग कन्सल्टेन्सी, धनगढी,कैलाली | रु.९,४००।- | C block |
| ४. | श्री सैपाल ईन्जिनियरिङ्ग कन्सल्टेन्सी, धनगढी,कैलाली | रु.९,५००।- | D block |
| ५. | श्री हेम कृष्ण रंजितकार, धनगढी,कैलाली | रु.९,०५०।- | E Block |
| ६. | श्री हेम कृष्ण रंजितकार, धनगढी,कैलाली | रु. ९,०५०।- | F block |

**निर्णय नं. ८:**

आ.व. २०७९/०८० को स्वीकृत कृषि विकास कार्यक्रमको शसर्त अनुदान अन्तर्गत संचालन गर्नु पर्ने पकेट विकास कार्यक्रम संचालनका लागि प्रकाशित सूचनाको म्याद भित्र पर्न आएका निवेदनहरु मध्ये बाली/वस्तु पकेट क्षेत्र निर्धारण समितिबाट सिफारिस भए बमोजिम तपसिल अनुसार बाली पकेट विकास कार्यक्रम देहायका कृषक समुह/कृषि सहकारी/समितिबाट संचालन गर्ने निर्णय गरियो।

तपसिलः

- आ.व. २०७९/०८० मा नयाँ तरकारी बाली पकेट विकास कार्यक्रमः तरकारी उत्पादन पकेट संचालक समिति, धनगढी- १७, पथरी।
- आ.व. २०७९/०८० मा नयाँ गहुँ बाली पकेट विकास कार्यक्रमः राम राम कृषि सहकारी संस्था लि., धनगढी-८ धनगढी गाउँ।
- आ.व. २०७९/०८० मा स्थापना भएका साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रमको निरन्तरताः बंगरा आलु उत्पादन कृषक समूह, धनगढी-९ बंगरा।

**निर्णय नं. ९:**

सहकारी संस्थालाई अनुदान वितरण निर्देशिका २०७८ को दफा १३ बमोजिम गठित छनौट तथा अनुगमन समितिबाट सिफारिस भई आएका देहाय बमोजिमका संस्थाहरुलाई सोही निर्देशिकाको दफा ५(१) अनुसारकाम गर्न दफा ६(१) बमोजिम सत प्रतिशत लागत सहभागिता हुने गरि प्रति संस्था रु. २,५०,०००।- (दुई लाख पचास हजार मात्र) का दरले अनुदान दिने र उक्त कार्यक्रममा बाँकी रहेको बजेटबाट अनुदान प्राप्त गर्ने संस्थाहरुलाई १ दिनको तालिम तथा समितिका सदस्यलाई भत्ता दिने निर्णय गरियो। साथै घुम्तीकोष अनुदान प्राप्त गर्ने संस्थाले आफ्नो तर्फबाट व्यहोर्ने रकम संस्थाको छुट्टै खातामा जम्मा भएको भौचर प्राप्त भएपछि मात्र अनुदान रकम निकासा दिने निर्णय गरियो।

**तपशिल:**

१. श्री केदार कृषि सहकारी संस्था लि. धनगढी-३
२. नव दुर्गा कृषि सहकारी संस्था लि. धनगढी-१४
३. जन आवाज बहुउदेश्यीय सहकारी संस्था लि. धनगढी-६
४. सामुदायिक बहुउदेश्यीय सहकारी संस्था लि. धनगढी-५
५. दिप ज्योती महिला विकास कृषक सहकारी संस्था लि. धनगढी-५
६. कृषक भलाई कृषि सहकारी संस्था लि. धनगढी-१९
७. नव ज्योति कृषि सहकारी संस्था लि. धनगढी-७
८. कृषक कृषि सहकारी संस्था लि., धनगढी-१७
९. जुगेडा कृषक बहुमुखी सहकारी संस्था लि. धनगढी-१२

**निर्णय नं. १०:**

यस धनगढी उप-महानगरपालिका अन्तर्गत मतदाता शिक्षा कार्यक्रम सञ्चालन गर्न आवश्यक पर्ने रकम रु. २,४७,०००।- (दुई लाख सतचालिस हजार मात्र ।) विविध कार्यक्रम खर्च शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. ११:**

यस धनगढी उप-महानगरपालिका अन्तर्गत वडा नं. १८ मा महामारी जन्य रोग केयर सेन्टर स्थापनाका लागि जग्गा उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. १२:**

यस धनगढी उप-महानगरपालिकाले आ.व. २०७९/०८० का लागि स्वास्थ्य तर्फ विनियोजन गरेका क्रियाकलापहरु सञ्चालन गर्नका लागि तयार पारेको **"स्वास्थ्य तर्फका कार्यक्रम संचालन मार्गदर्शन, २०७९/०८०"** स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. १३:**

यस धनगढी उप-महानगरपालिकाद्वारा मिति २०७९/०२/२६ गते प्रकाशित विज्ञापन अनुसार योग्यताक्रमको आधारमा छनौट भै पदपूर्ति समितिद्वारा मिति २०७९/०७/१६ गते सिफारिस भै करार सेवाका लागि नियुक्त भएका सब-ईन्जिनियर (ल्याब टेक्निसियन), सहायकस्तर पाँचौ-१ (एक) जना र असिष्टेन्ट सब-ईन्जिनियर (ल्याब हेल्पर), सहायकस्तर चौथो-१ (एक) जनाको नामावलीलाई अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १४:**

यस धनगढी उप-महानगरपालिकाद्वारा मिति २०७९/०२/२६ गते प्रकाशित विज्ञापन अनुसार योग्यताक्रमको आधारमा छनौट भै पदपूर्ति समितिद्वारा सिफारिस भै आएको सिफारिस पत्रको वैकल्पिक सूचीका उम्मेदवार मध्ये योग्यताक्रम र स्थायी ठेगानाका आधारमा धनगढी उप-महानगरपालिका कार्यालयको निर्णयानुसार करार सेवाका लागि नियुक्त भएका थप नगर प्रहरी-८ (आठ) जनाको नामावलीलाई अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १५:**

यस धनगढी उप-महानगरपालिकाको वडा नं. १ कैलाली पुलदेखि वडा नं. ८, क्याम्पस चोक सम्म शहरी सडक निर्माणका लागि परामर्शदाता सिभिल ईन्जिनियरिङ्ग रिसर्च एण्ड कन्सल्टेन्सी, कुपन्डोल, ललितपुरद्वारा मिति २०७९/०६/११ गते तयार गरी पेश गरिएको विस्तृत ईन्जिनियरिङ्ग अध्ययन प्रतिवेदन (DPR) स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. १६:**

यस धनगढी उप-महानगरपालिकाका शव वाहनलाई समेत एम्बुलेन्स बनाई २ वटै एम्बुलेन्सलाई ग्रामीण क्षेत्रमा पर्ने वडा नं. १६ र १८ लाई हस्तान्तरण गरी वडाबाटै सञ्चालनको व्यवस्था मिलाउने जिम्मा दिने निर्णय गरियो ।

**निर्णय नं. १७:**

यस धनगढी उप-महानगरपालिकाबाट RUDP को Matching Fund को लागि रु. ४५,००,०००।- भैपरी पूँजीगत शिर्षकबाट विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १८:**

यस धनगढी उप-महानगरपालिकाको वडा नं. ३ स्थित नेतुवा तालको पानी निकास सहितको वाटर पार्क निर्माण गर्ने कार्यका लागि पर्यटन पूर्वाधार निर्माण तथा पर्यटन उपज साझेदारी कार्यक्रम अन्तर्गत बजेट विनियोजन भएकोमा यस उप-महानगरपालिका र श्री देव एण्ड सायर/टेडी/मनिलेख- जेभीसँग सम्झौता गरी निर्माण कार्य सुरु गरेकोमा उक्त निर्माण कम्पनीद्वारा रनिङ्ग बिल भुक्तानीका लागि २०७८/०३/१३ गते निवेदन दर्ता भएकोमा रनिङ्ग बिल अनुसार भुक्तानी हुनुपर्ने रकम भुक्तानी नभएको र पर्यटन पूर्वाधर निर्माण तथा पर्यटन उपजसाझैदारी कार्यक्रम अन्तर्गत यस आ.व. मा विनियोजिन हुनुपर्ने रकम हाल सम्म पनि विनियोजन नभएकाले यस उप-महानगरपालिकाको आ.व. २०७९/०८० को वार्षिक नीति, कार्यक्रम तथा बजेटको शिर्षक नं. १२५ अन्तर्गत Construction of Embankment and Other Various Structure for the Beautification of Jakhour Lake Area Ward No. 7 मा विनियोजन भएको रकम पछि सोधभर्ना हुने गरी भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. १९:**

यस धनगढी उप-महानगरपालिकाको गत आ.व. २०७८/०७९ मा विभिन्न वडाहरुमा वर्षातको समयमा नाली सरसफाई कार्यको भुक्तानी हुन बाँकी रकम चालु आ.व. २०७९/०८० को लागि विनियोजन भएको पूँजीगत तर्फको भैपरी शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. २०:**

यस धनगढी उप-महानगरपालिकाका १९ वटै वडाहरुमा जग्गाको नाप नक्शा गर्दा खटिएका कर्मचारीहरुले खाएको खाजा, खाना खर्च र वडा-वडामा विद्युत जडान गर्दा खरिद गरिएको सामाग्रीहरुको एकीन गरी भुक्तानीका लागि सिफारिस गर्न यस धनगढी उप-महानगरपालिकाको मिति २०७९/०५/३१ गतेको नगर कार्यपालिका बैठकमा वडा नं. ४ का वडा अध्यक्ष श्री बुद्धि बहादुर खड्काको संयोजकत्वमा गठित समितिले सिफारिस गरे बमोजिम वडा समिति तथा भूमि व्यवस्थापन शाखाको सिफारिसमा प्रति व्यक्ति खाना खर्च रु. २५०/- र खाजा खर्च रु. १००/- का दरले भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. २१:**

यस धनगढी उप-महानगरपालिकामा RUDP/PBSEDP कार्यक्रम अन्तर्गत आ.व. २०७७/०७८ मा वडा नं. ४ मा टुहुरा तथा घाईते वन्यजन्तु उद्धार केन्द्रमा भएको Fencing कार्यको यस उप-महानगरपालिकाबाट व्यहोर्नु पर्ने Matching Fund बापतको रकम भुक्तानी छुट हुन गएकोले सो छुट रकम जम्मा रु. ७०,०००।– (अक्षेरुपी सत्तरी हजार मात्र ।) भैपरी विकास शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. २२:**

यस धनगढी उप-महानगरपालिकाको विभिन्न वडाहरुमा वर्षातको समयमा खाल्टाखुल्टी सडक मर्मत गर्दा लागेको खर्च रु. ३,२३,१८०।– (अक्षेरुपी तीन लाख तेईस हजार एक सय असी मात्र ।) भैपरी विकास खर्च शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. २३:**

यस धनगढी उप-महानगरपालिका वडा नं. १५ स्थिति कनरी पार्कमा पर्खाल निर्माण गर्ने कार्य गर्नका लागि ठेक्का सम्झौता भई निर्माण सम्पन्न भईसकेकोले उक्त योजनामा भुक्तानी दिन बाँकी रकम रु. ४,१५,०००।– (अक्षेरुपी चार लाख पन्ध्र हजार मात्र ।) भैपरी आउने पूँजीगत शिर्षकबाट भुक्तानी गर्ने निर्णय गरियो ।

**निर्णय नं. २४:**

Instant Road Repair Premix प्रयोग गरी मुख्य सडक कैलाली पुल देखि जि.प्र.का. पुलसम्म सडक मर्मत गर्ने कार्य धनगढी उप-महानगरपालिका वडा नं. १ भैपरी आउने पूँजीगत खर्चबाट भुक्तानी हुने गरी रु. ५,२९,७१५।७४ (अक्षेरुपी पाँच लाख उनतीस हजार सात सय पन्ध्र रुपैँया चौहत्तर पैसा मात्र ।) भुक्तानीगर्ने निर्णय गरियो ।

**निर्णय नं. २५:**

नेपाल सरकार, शहरी विकास मन्त्रालयबाट सञ्चालित क्षेत्रीय शहरी विकास आयोजना अन्तर्गत धनगढी उप-महानगरपालिका वडा नं. ७ मा निर्माण गरिने एकीकृत फोहरमैला व्यवस्थापन केन्द्र निर्माणको सूचना प्रकाशित भई सकेको र उक्त केन्द्रमा उप-महानगरपालिकाको लागि स्वास्थ्यजन्य फोहरमैला व्यवस्थापनको लागि तोकिएको स्थानमा प्रशोधन केन्द्र निर्माणको लागि आ.व. २०७९/०८० मा विनियोजित बजेटबाट (खर्च शिर्षक ३११५८) स्वास्थ्यजन्य फोहरमैला व्यवस्थापन प्रशोधन केन्द्र निर्माणको लागि सूचना प्रकाशित गर्ने निर्णय गरियो ।

**निर्णय नं. २६:**

अपांगता भएका व्यक्तिको लागि सहायता सामग्री खरिद गर्ने कार्यका लागि नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको आ.ब. २०७९/८० को लागि रु. १०,००,०००/- (दश लाख) मार्गदर्शन सहित सशर्त अनुदान मार्फत प्राप्त भएकोमा यस उप-महानगरपालिकाको महिला तथा बालबालिका शाखाको कार्यक्रममा सहायक सामाग्री खरिद कार्यका लागि विनियोजित रु.५,००,०००/- (पाँच लाख) पनि सोहि मार्गदर्शनमा उल्लेख भएको कार्यक्रम कार्यान्वयन कार्यविधि बमोजिम नेपाल राष्ट्रिय समाज कल्याण संघ, कन्चनपुर मार्फत नै संचालन गर्ने निर्णय गरियो ।

**निर्णय नं. २७:**

धनगढी उप-महानगरपालिका वडा नं. ३ चटकपुर मोहन बहादुर शाहीको घर जाने सडक कालोपत्रे गर्ने काम (गत वर्षको योजना) को भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. २८:**

यस धनगढी उप-महानगरपालिका अन्तर्गत वडा नं. ५ सुकुटी नालामा स्काइभेटर प्रयोग गरी खोलानालाको अतिक्रमण हटाउन लागेको खर्च रु. २,२३,७५०।- (अक्षेरुपी दुई लाख तेईस हजार सात सय पचास मात्र । ) भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. २९:**

धनगढी उप-महानगरपालिका वडा नं. १३ को गत वर्षको खेलकुद सामाग्रीको भुक्तानी हुन बाँकी रकम भैपरी पूँजीगत शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. ३०:**

यस धनगढी उप-महानगरपालिकाको मिति २०७९/०५/३१ गते बसेको ११ औं कार्यपालिका बैठकको निर्णय नं. ११ मा वडा कार्यालयको खाजा खर्च मासिक रु. १५,०००।- का दरले रु. १,८०,०००।- (अक्षेरुपी एक लाख असी हजार मात्र ।) हुनुपर्नेमा रु. १८,०००।- भएको हुँदा संशोधन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३१:**

विभिन्न वडाबाट माग भई आएका तपसिल बमोजिमका योजनाको बजेट व्यवस्थापनका लागि संघीय सरकार र प्रदेश सरकारका सम्बन्धित निकायमा माग गर्ने निर्णय गरियो।

तपसिलः

१. वडा नं. १४ शिव आधारभूत विद्यालय भवन निर्माण।

२. फुलबारी बि गाउँ बिबिरा टोल पुल निर्माण।

३. स्याउले फुलबारी हुलाकी सडक देखि सिद्धार्थ आ.वि. सम्म सडक कालोपत्रे।

४. वडा नं. २ शिखर टोल नवराज खनालको घरदेखि विष्टको घरसम्म २०० मिटर नाली तथा सडक निर्माण।

५. वडा नं. १५ स्वास्थ्यको भवन घेरबार पर्खाल निर्माण तथा खानेपानी।

६. जनजागृती मा.वि. भवन तथा पर्खाल निर्माण।

**निर्णय नं.३२ :**

धनगढी उप-महानगरपालिकाको चालु आ.व. २०७९/८० को स्वीकृत कार्यक्रमहरु विविध कारणबस परिवर्तन, संशोधन एवं एकीकरणको लागि वडा कार्यालयबाट यस कार्यालयमा सिफारिस भई आएका तपसिल बमोजिमका योजनाहरु लेखा सुत्र प्रणालीसँग भिडान हुने गरी परिमार्जन गरी कार्यान्वयनमा लैजाने निर्णय गरियो।

तपसिलः

| क्र.सं. | स्वीकृत कार्यक्रम | रातो किताब को सी.नं. | बजेट खर्च शिर्षक नं. | बजेटको श्रोत | बजेट रु. | परिवर्तन गर्नुपर्ने कार्यक्रम | बजेट रु. | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १. | घ.उ.म.न.पा. ५, महिला, दलित, आदिबासी जनजाती, अल्पसंख्यक र ज्येष्ठ नागरिकलाई क्षमता विकास तालिम | २७८ | २२५१२ | आन्तरिक श्रोत | १,००,०००/- | तरकारी वीउ खरिद वितरण | ३९०००/- | सम्बन्धित वडाको च.नं. ५७२, मिति २०७९/०५/३१ गतेको रकमान्तर सम्बन्धी पत्रानुसार (वडा समितिको मिति २०७९/०५/३० गतेको निर्णयानुसार)। |
| | | | | | | वडा कार्यालय र आ.स्वा. केन्द्रको झ्यालमा स्टिकर टाँस | ६१,०००/- | |
| २. | आमाको माया छात्राबासको लागि फर्निचर खरिद | १५७ | ३११२३ | आन्तरिक श्रोत | ५,००,०००/- | छात्राबासमा मर्मत सम्भार | ५,००,०००/- | जनजाती कल्याण आश्रम, नेपाल, आमाको माया छात्राबासको च.नं. १२२, मिति २०७९/०६/३१ गतेको योजना परिवर्तन सम्बन्धी पत्रानुसार (फर्निचरभन्दा मर्मत अति आवश्यक रहेकाले)। |
| ३. | घ.उ.म.न.पा. १४, एकल महिलालाई क्षमता विकास तालिम | ५१२ | २२५१२ | आन्तरिक श्रोत | ५०,०००/- | घ.उ.म.न.पा. १४ मा सडक बति खरिद | ५०,०००/- | सम्बन्धित वडाको च.नं. ८३७, मिति २०७९/०६/२७ गतेको योजना परिवर्तन सम्बन्धी पत्रानुसार (योजना शिर्षक दोहोरो हुन गएकाले वडा समितिको मिति २०७९/०६/२६ गतेको निर्णयानुसार)। |
| ४. | घ.उ.म.न.पा. १६, बालबालिका बालविवाह, लैंगिक हिंसासम्बन्धी अन्तरक्रिया कार्यक्रम | ५७६ | २२५१२ | नेपाल सरकार | २,००,०००/- | बालबालिका बालविवाह, लैंगिक हिंसासम्बन्धी अन्तरक्रिया कार्यक्रममा सी.एल.सी. कार्यक्रम संचालन | २,००,०००/- | सम्बन्धित वडाको वडा समितिको मिति २०७९/०७/०६ गतेको निर्णयबमोजिम वडाको च.नं. ८९५, मिती २०७९/०७/०६ गतेको निर्णय उतार सम्बन्धी पत्रानुसार। |
| ५. | घ.उ.म.न.पा. १६, बेहडाबाबा अधुरो गायत्री भवनको झ्याल ढोका निर्माण | ५८४ | ३१११३ | नेपाल सरकार | २,००,०००/- | बेहडाबाबा अधुरो गायत्री भवनको सिढी र शौचालय निर्माण | २,००,०००/- | |
| ६. | घ.उ.म.न.पा. १६, गणेश चौधरीको घरदेखि केराबारी टोल हुँदै काठमाडौँ टोल जाने सडक ग्राभेल | ५८७ | ३११५९ | आन्तरिक श्रोत | ६,००,०००/- | गौरिगंगा न.पा. र घ.उ.म.न.पा.को. लिमाना ओझा टोलदेखि गणेश चौधरीको घरसम्म सडक ग्राभेल | ३,००,०००/- | |
| | | | | | | नन्दा देवी साहुको घरदेखि गणेश चौधरीको घर हुँदै केराबारी, काठमाडौँ टोलसम्म सडक ग्राभेल | ३,००,०००/- | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ७. | घ.उ.म.न.पा. १६, कनैया घटुवा र चप्पर घटुवामा स्ल्याब निर्माण | ५८६ | ३११५१ | नेपाल सरकार | ६,५०,०००/- | कनैया घटुवामा स्ल्याब निर्माण | ३,००,०००/- | सम्बन्धित वडाको वडा समितिको मिति २०७९/०७/०६ गतेको निर्णयबमोजिम वडाको च.नं. ८९५, मिति २०७९/०७/०६ गतेको निर्णय उतार सम्बन्धी पत्रानुसार (रातो किताबमा भुलबस वडा नं. १५ को "कन्द्री रमाकान्त मिश्रको घरदेखि रामसमुझ चौधरीको घरसम्म कालोपत्रे" नामको योजना समेत यहि सी.नं.मा समावेश भएकाले)। |
| | | | | | | चप्पर घटुवामा स्ल्याब निर्माण | ३,५०,०००/- | |
| ८. | घ.उ.म.न.पा. १२, सार्वजनिक जग्गा संरक्षण | ४५१ | २२५२२ | नेपाल सरकार | २०,००,०००/- | वडा कार्यालयको पर्खाल तथा गेट निर्माण | २०,००,०००/- | सम्बन्धित वडाको वडा समितिको मिति २०७९/०६/१२ गतेको निर्णय बमोजिम वडाको च.नं. १२६८, मिति २०७९/०६/२१ गतेको निर्णय उतार सम्बन्धी पत्रानुसार। |
| ९. | घ.उ.म.न.पा. ६, शिवनगर टोलको बालविकासमा खेलौना खरिद | ३०६ | २२५२९ | नेपाल सरकार | १,००,०००/- | सामुदायिक प्रहरी, हसनपुरलाई शान्ति सुरक्षाका लागि ईन्धन/पेट्रोल खरिद | ३६,०००/- | सम्बन्धित वडाको वडा समितिको मिति २०७९/०६/१२ गतेको निर्णय बमोजिम वडाको च.नं. ८३१, मिति २०७९/०६/१२ गतेको निर्णय उतार सम्बन्धी पत्रानुसार। |
| | | | | | | राना समुदायको लागि तीज कार्यक्रम | १५,०००/- | |
| | | | | | | पहाडी समुदायको लागि तीज कार्यक्रम | १५,०००/- | |
| | | | | | | युवा क्लबको लागि खेलकुद कार्यक्रम | ७,०००/- | |
| | | | | | | थारु समुदायको सखिया नाच संरक्षणका सामग्री खरिद | १२,०००/- | |
| | | | | | | शिवनगर टोलको बालविकासमा खेलौना खरिद | १५,०००/- | |
| १०. | घ.उ.म.न.पा. १०, तीज कार्यक्रम संचालन | ४०६ | २२५२२ | आन्तरिक श्रोत | १,००,०००/- | तीज कार्यक्रमका लागि सामग्री खरिद | ६०,०००/- | सम्बन्धित वडाको वडा समितिको मिति २०७९/०७/२० गतेको निर्णयबमोजिम वडाको च.नं. २७९, मिती २०७९/०७/२० गतेको सिफारिस पत्रानुसार। |
| | | | | | | सडक बत्ती व्यवस्थापन | ४०,०००/- | |
| ११. | घ.उ.म.न.पा. १०, लागुऔषध दुर्व्यसनविरुद्ध जनचेतनामूलक कार्यक्रम संचालन | ४०२ | २२५१२ | आन्तरिक श्रोत | १,००,०००/- | राम जानकी मन्दिरमा रङ्गरोगन | ५०,०००/- | |
| | | | | | | लागुऔषध दुर्व्यसनविरुद्ध जनचेतनामूलक कार्यक्रम संचालन | ५०,०००/- | |
| १२. | घ.उ.म.न.पा. १०, अपाङ्गता सहयात सामग्री खरिद | ४१० | २७११२ | आन्तरिक श्रोत | २,००,०००/- | ललई बंगारा मन्दिरमा घेरबार | ५०,०००/- | |
| | | | | | | अपाङ्गता सहयात सामग्री खरिद | १,५०,०००/- | |
| १३. | घ.उ.म.न.पा. १०, गोडा रानाको घरदेखि बल्खुवा रानाको घर जाने सडकमा पर्खाल निर्माण, बि.पी. टोल | ४२३ | ३११५९ | आन्तरिक श्रोत | ३,००,०००/- | ABC चर्च भवन निर्माण | ६,००,०००/- | |
| १४. | घ.उ.म.न.पा. १०, पश्चिम टोलमा चौतारा निर्माण | ४२५ | ३११५९ | नेपाल सरकार | ३,००,०००/- | | | |
| १५. | घ.उ.म.नपा. १४, स्याउले गौरा मन्दिरमा घेरबार। | ५३९ | ३११५९ | नेपाल सरकार | १,००,०००/- | जि गाउँ गौरा मन्दिरको जग निर्माण | १,००,०००/- | सम्बन्धित वडाको वडा समितिको मिति २०७९/०७/१८ गतेको निर्णयबमोजिम वडाको च.नं. १०६७, मिती २०७९/०७/१८ गतेको योजना परिवर्तन सम्बन्धी पत्रानुसार। |
| १६. | घ.उ.म.न.पा. १४, नल्का गाड्ने काम थारु मस्वामा। | ५३२ | ३११५६ | नेपाल सरकार | ५०,०००/- | सि गाउँ थारु मस्वामा माटो भरान | ७६,०००/- | |
| १७. | घ.उ.म.न.पा. १४, थारु मस्वामा गहिरो नल्का गाड्ने काम। | ५३३ | ३११५६ | नेपाल सरकार | २६,०००/- | | | |
| १८. | घ.उ.म.न.पा. १४, गौशाला निर्माण | ५३६ | ३११५९ | नेपाल सरकार | ४,००,०००/- | वडा कार्यालय हाताभित्र ग्राभेल (गत आ.व.को भुक्तानी बाँकी) | ३,९०,०००/- | |
| | | | | | | गौशाला निर्माण | १०,०००/- | |
| १९. | घ.उ.म.न.पा. १४, वडास्तरीय विपद् व्यवस्थापन कोष | ५१७ | २७२१२ | नेपाल सरकार | २,००,०००/- | फर्निचर खरिद , सुर्वोदय मार्गदर्शन (भुक्तानी बाँकी) | ६८,०००/- | |
| | | | | | | ज्येष्ठ नागरिक समाज सामान खरिद | २०,०००/- | |
| | | | | | | सडक बत्ति खरिद व्यवस्थापन | १,१२,०००/- | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २०. | ध.उ.म.न.पा. ५, हरियाली विकास कार्यक्रम (वृक्षरोपण) | २८४ | २२५२१ | नेपाल सरकार | ५,००,०००/- | फोहोरमैला व्यवस्थापन (डस्टबिन खरिद) | २,५०,०००/- | सम्बन्धित वडाको वडा समितिको मिति २०७९/०७/२१ गतेको निर्णयबमोजिम वडाको च.नं. ११५८, मिति २०७९/०७/२१ गतेको रकमान्तर सम्बन्धी पत्रानुसार। |
| | | | | | | वडा कार्यालयको कोठा पार्टेसन (अल्मुनियमको ढोका र कोठा निर्माण) | ४३,०००/- | |
| | | | | | | फिटनेस सेन्टरको फर्मसहित व्यवस्थापन | १,००,०००/- | |
| | | | | | | हरियाली विकास कार्यक्रम (वृक्षरोपण) | १,०७,०००/- | |

**निर्णय नं.३३:**

यस धनगढी उप-महानगरपालिका, वडा नं. १४ अन्तर्गत दोर्जे टाँसी छोइलिङ गुम्बा व्यवस्थापन समितिले गुम्बाको निर्माणाधीन नयाँ भवन (प्रवचन हल) को निर्माण कार्य सम्पन्न गर्नका लागि आवश्यक बजेट विनियोजन गरिदिन हुन भनी निवेदन पेश गरेकोमा स्थलगत निरीक्षण गर्दा भवन निर्माण कार्य तत्काल अगाडी बढाउनु पर्ने देखिएकाले प्राविधिकद्वारा तयार गरिएको लागत अनुमान बमोजिमको जम्मा रकम रु. १४,००,२६१.२७ (अक्षरुपी चौध लाख दुई सय एकसट्ठी रुपैंया र सत्ताइस पैसा मात्र) मध्ये नगरपालिकाले व्यहोर्ने रकम रु. १२,६०,०००/- (अक्षरुपी बाह लाख साठी हजार मात्र) का लागि धनगढी उप-महानगरपालिकाको वार्षिक नीति, कार्यक्रम तथा बजेटको सी.नं. ६४ को भैपरी आउने पूँजीगत खर्च शिर्षकबाट रकम विनियोजन गरी निर्माण प्रक्रिया अगाडी बढाउने निर्णय गरियो।

**निर्णय नं. ३४:**

यस धनगढी उपमहानगरपालिकाको आ.व. २०७९/०८० को वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत रातो किताबको सी.नं. १६७ मा High Mast Light जडान शिर्षकमा रु. ४०,००,०००/- विनियोजन गरिएको तर नगर क्षेत्रभित्रका ६ लेन सडक लगायतका १० प्रमुख चोकहरुमा High Mast Light जडान गर्नुपर्ने भएकाले सोका लागि नेपाल विद्युत प्राधिकरण (नेपाल सरकारको स्वामित्व) उर्जा दक्षता तथा चुहावट नियन्त्रण विभाग, राष्ट्रिय सडकबत्ती प्रवर्द्धन आयोजना, काठमाडौंले तयार गरी स्वीकृत गरेको कुल लागत अनुमान रकम रु. १,३७,४२,४९१।२३ (अक्षरुपी एक करोड सैंतीस लाख बयालीस हजार चार सय एकानब्बे रुपैँया र तेइस पैसा मात्र) मध्ये अपुग रकम रु. ९७,४२,४९१।२३ (अक्षरुपी सन्तानब्बे लाख बयालीस हजार चार सय एकानब्बे रुपैँया र तेइस पैसा मात्र) को व्यवस्थापनका लागि रातो किताबको सी.नं. ८४, वडा नं. १५ मा जनजागृति मा.वि.को भवन निर्माणका लागि विनियोजित रकमबाट बचत भएको रकम रु. २०,००,०००/- (अक्षरुपी बीस लाख मात्र), सी.नं. १२२, वडा नं. १३ मा श्रीलंकादेखि भगवती स्कुलसम्म सडक निर्माण (Retaining Structure) का लागि विनियोजित रकम रु. १५,००,०००/- (अक्षरुपी पन्ध्र लाख मात्र) र रातो किताबको सी.नं. १६१ को वडा नं. १३, कैलाली गाउँ रोड, कैलाली खोला र वडा नं. ५, नाष्ट कलेज, कैलाली खोलामा मझौला पुल निर्माण (सङ्घीय समपुरक म्याचिङ) का लागि विनियोजित रकम रु. ३,३०,००,०००/- मध्येबाट रु. ६२,४२,४९१।२३ (अक्षरुपी बैसट्ठी लाख बयालीस हजार चार सय एकानब्बे रुपैँया र तेइस पैसा मात्र) रकमान्तर गरी स्वीकृत लागत अनुमान बमोजिमको अपुग कुल रकम रु. ९७,४२,४९१।२३ (अक्षरुपी सन्तानब्बे लाख बयालीस हजार चार सय एकानब्बे रुपैँया र तेइस पैसा मात्र) विनियोजन गरी High Mast Light जडान प्रक्रिया अगाडी बढाउने निर्णय गरियो।

**निर्णय नं ३५:**

नेपाल नगरपालिका संघद्वारा भारतको हैदराबाद र भुवनेश्वरमा २०७९ मंगसिर ९ देखि १५ गते सम्म आयोजना हुन गईरहेको नगरस्तरीय समावेशी सरसफाई (CWIS) अध्ययन भ्रमणमा सहभागी हुन यस उप-महानगरपालिकाका नगर प्रमुख श्री गोपाल हमाल लाई आमन्त्रण भएकोले नेपाल नगरपालिका संघबाटै दैनिक तथा भ्रमण खर्च व्यहोर्ने गरि सहभागिताका लागि वहाँको मनोनयन हुन श्री नेपाल सरकार, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय समक्ष सिफारिस पेश गर्ने निर्णय गरियो।

**निर्णय नं ३६:**

UNCRD (United Nations Centre for Regional Development)द्वारा सेनेगलको डकारमा 13-16 December 2022 मा आयोजना हुन गईरहेको डकार अन्तर्राष्ट्रिय मेयर फोरम (Dakar International Mayors Forum – IMF) मा सहभागी हुन यस उप-महानगरपालिकाका नगर प्रमुख श्री गोपाल हमाल लाई आमन्त्रण भएकोले UNCRD बाटै दैनिक तथा भ्रमण खर्च व्यहोर्ने गरिसहभागिताका लागि वहाँको मनोनयन हुन श्री नेपाल सरकार, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयसमक्ष सिफारिस पेश गर्ने निर्णय गरियो।

आजको बैठक अन्त गरियो।